# दंगीशरण गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## हेकुली, दाङ

पत्र संख्या : २०७७/०७८
चलानी नं. :

लुम्बिनिं प्रदेश नेपाल

प्रथम पटक सुचना प्रकाशित मिति- २०७७/०९/१३

चालु आ.व.२०७७/०७८ मा यस प्रदेश सरकार वाट हस्तान्तरीत **कोभिड प्रभावित भई गाउँफर्केका कृषकलाई उत्पादन सामाग्री अनुदान कार्यक्रम** अनुशार कोभिड विशेश कृषि कार्यक्रम सन्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक,कृषि फार्मले आवस्यक कागजात सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/०९/२७ गते भित्र) सम्वन्धित वडा कार्यालयमा तपशिलमा संलग्न कागजात पेश गरी दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।साथै थप जानकारीका लागी दंगीशरण गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिने छ ।

कोभिड विशेष कृषि कार्यक्रमको लागी मापदण्ड-

| सि.न | विवरण | अनुदान रकम | | भुक्तानि प्रक्रिया |
|---|---|---|---|---|
| १. | कोभिड प्रभावित भई गाउँफर्केका कृषकलाई उत्पादन सामाग्री अनुदान कार्यक्रम | २०,०००। को दरले २०,००,०००। | कोभिड प्रभावित भई भारत लगायत अन्य देश वाट फर्केका बेरोजगार व्यक्ति | छनोटमा परेका कृषकलाई आवश्यक पर्ने वीउ,मल,दाना,विषादि,स-साना कृषि औजार,वाली संरक्षण सामाग्री,सिचाई का लागी आवस्यक पर्ने सामाग्री खरिदका साथै प्लाष्टिक घर,मौरी घार गोला,च्याउ घार र वल(पोका) खरिदका साथै खोर निर्माणमा प्रयोग गर्न आवश्यक सामाग्रीहरु खरिदका लागी उपलव्ध गराईने अनुदान रकम खरिद वीलको ५० प्रतिशत मात्र भुक्तानि हुने । |

(**नोट खर्चको माप दण्ड**-कार्यक्रममा सहभागी हुने कृषकले (तरकारी खेति,फलफुल खेति,कम्तिमा ५कट्ठामा खेति गरेको हुनु पर्ने),(मौरी पालन,कम्तिमा ५घार र गोला),(च्याउ खेति च्याउ घर १०० वल/पोका),(कुखुरापालन कम्तिमा ५० चल्ला),वंगुर तथा वाखा कम्तिमा ५ वटा पाठा पाठी पाल्ने कृषक)

**संलग्न राख्नुपर्ने कागजातहरु**

१. निवेदन फारम ।

२. निवेदकको नागरिकता वा परीचय खुल्ने प्रमाण पत्र वा विदेश वाट फर्केको भए प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

३. अनुसुचि-४ अनुसारको प्रस्ताव ढाँचा ।

४. सम्वन्धित वडा कार्यालयको मासिक १०,०००।भन्दा कम आम्दानिहुने तथा भारत लगाएंत तेस्रो मुलुक वाट कोभिडको समयमा फर्केको भनि गरिएको सिफारिस ।कोरोना पुष्टी भएको भए कोरोना पोजेटीभ भएको प्रमाण वा सो समेत सिफारिसमा खुलाउने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख
कृषि विकास शाखा